# आठबीस नगरपालिका
# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ५ मिति : २०७६/१०/१२

**भाग-२**

**आठबीस नगरपालिका**

# बास्केट फन्डको रकम खर्च गर्ने सम्बन्धी कार्यविधि

**प्रस्तावना :**

आठबीस नगरपालिकाको चालु आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम अनुसार आठबीस नगरपालिकाका वडाहरुलाई विनियोजित बास्केट फन्डको रकमबाट योजना तथा कार्यक्रम सम्पन गर्दा मितव्ययी, औचित्यपूर्ण, आवश्यकतामा आधारित भएर खर्च गरी आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत वार्षिक वजेट तथा कार्यक्रममा उल्लिखित वास्केट फन्डको रकम खर्च गर्ने प्रकृयालाई व्यवस्थित गर्न आवश्यक भएकोले, आठबीस नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी आठबीस नगरकार्यपालिकाले यो कार्यविधी बनाई लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक:

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम "आठबीस नगरपालिकाका वडाको बास्केट फन्ड खर्च गर्ने सम्बन्धी कार्यविधी, २०७६" रहेको छ ।



(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमा :

क) "कार्यालय" भन्नाले आठबीस नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, दैलेखलाई सम्भन्नु पर्छ ।

ख) "नगर उपप्रमुख" भन्नाले आठबीस नगरपालिकाको नगर उपप्रमुखलाई सम्भन्नु पर्छ ।

ग) "नगर प्रमुख" भन्नाले आठबीस नगरपालिकाको नगर प्रमुखलाइ सम्भन्नु पर्छ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले आठबीस नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्भन्नु पर्छ ।

ङ) "वडा" भन्नाले आठबीस नगरपालिका अन्तर्गतका वडाहरु सम्भन्नु पर्छ ।

च) "समिति" भन्नाले यस कार्यविधीको दफा ५ बमोजिमको समन्वय समितिलाई सम्भन्नु पर्छ ।

## परिच्छेद-२
## कार्यक्रम छनौट प्रकृया

**३. कार्यक्रमको क्षेत्र :**

सम्बन्धित वडाले वडाको बस्केट फन्डमा विनियोजित रकम बाँडफाँट गर्दा देहायका क्षेत्रहरुमा खर्च गर्ने गरी कार्यक्रम तथा योजना प्रस्ताव गर्नुपर्नेछ ।

क) सडक निर्माण, खानेपानी आपुर्ति, कृषि व्यवसाय प्रवर्द्धन जस्ता पूर्वाधार विकाससँग सम्बन्धित योजनाहरु

ख) शैक्षिक गुणस्तर वृद्धि गर्ने, स्वास्थ्य सेवाको पँहुचमा विस्तार गर्ने, पर्यटन प्रवर्द्धन गर्ने कार्यक्रमहरु तथा योजनाहरु

ग) जीविकोपार्जनमा तत्काल टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरु

घ) सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार

ङ) विपद् जोखिम न्यूनिकरणसँग सम्बन्धित योजनाहरु : जस्तै नदी तथा पहिरो नियन्त्रण

च) उद्यमी तथा उद्यमशिलता वृद्धि गर्ने कार्यक्रमहरु

छ) वडा कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन अत्यावश्यक देखिएको क्षेत्रमा

**४. कार्यक्रम छनौट प्रक्रिया :**

कार्यक्रम छनौट गर्दा देहाय बमोजिम गर्नुपर्नेछ :

क) वडालाई विनियोजित बास्केट फन्डको रकमबाट कार्यक्रम छनौट गर्दा दफा ३ बमोजिमको क्षेत्रमा विनयोजन गर्नुपर्नेछ ।

ख) बास्केट फन्डको रकम बाँडफाँडको निर्णय सम्बन्धित वडाको वडा समितिबाट गराई समितिमा सिफारिस गरी पठाउनु पर्नेछ ।

ग) खण्ड (ख) बमोजिम सिफारिस गर्दा बास्केट फन्डको रकमको थप पच्चिस प्रतिशतले हुन आउने रकमसमेतको योजना तथा कार्यक्रम बनाई प्राथिमिकिकरण गरी पठाउनुपर्नेछ ।

घ) वडा समितिबाट प्रस्तावित योजनाहरु नगरपालिका, प्रदेश तथा संघीय योजनाहरुसंग दोहोरोपना नभएको एकिन गरी पठाउनु पर्नेछ ।

ङ) वडाबाट प्रस्तावित योजनाहरु समितिमा पेश गरी समितिबाट स्वीकृत भएका योजनाहरु कार्यान्वयनका लागि कार्यालयमार्फत सम्बन्धित वडालाई जानकारी गराउनुपर्नेछ ।

च) यो कार्यविधी लागु भएको मितिले ५ दिनभित्र वडाहरुले कार्यक्रम प्रस्ताव गरी पठाईसक्नुपर्नेछ ।

छ) कार्यक्रम प्राप्त भएको ७ दिनभित्र समितिले कार्यक्रम स्वीकृत गर्नुपर्नेछ ।

## परिच्छेद-३
## समन्वय समिति सम्बन्धी व्यवस्था

**५. समन्वय समिति :**

(१) दफा ४ बमोजिम वडा समितिबाट सिफारिस गरिएका योजना तथा कार्यक्रम स्वीकृतिका लागि देहाय बमोजिमको एक बास्केट समन्वय समिति रहने छ ।

क) नगर प्रमुख - संयोजक

ख) नगर उपप्रमुख - सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत - सदस्य





घ) सम्बन्धित वडाका वडाध्यक्ष - सदस्य

ङ) योजना शाखा प्रमुख - सदस्य सचिव

(२) समितिले आवश्यकता अनुसार समितिको बैठक सम्बन्धी कार्यविधी आफै बनाउन सक्नेछ ।

(३) समितिले आवश्यकता अनुसार अन्य जनप्रतिनिधि तथा कर्मचारीलाई समेत बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**६. समन्वय समितिको काम, कर्तव्य र अधिकार :**

बास्केट फन्डको रकमबाट संचालन हुने कार्यक्रम सम्बन्धमा समन्वय समितिको देहाय बमोजिम काम, कर्तव्य र अधिकार हुनेछ :

क) वडा समितिबाट बाँडफाट गरी आएको बास्केट फन्डको रकमबाट संचालन गरिने योजना तथा कार्यक्रम स्वीकृत गर्ने ।

ख) वडा समितिबाट समितिमा सीफारिस भई आएका योजना तथा कार्यक्रमहरु मध्ये अधिक कार्यक्रमहरु चालु तथा प्रशासनिक प्रकृतिको भएमा, अन्य कार्यक्रमा दोहोरोपना हुने भएमा वा कार्यक्रम औचित्यपुर्ण नभएमा कार्यक्रम संशोधन गर्न वडा समितिलाई लेखि पठाउन सक्नेछ । त्यसरी संशोधन भई आएमा समितिले स्वीकृत गर्नेछ ।

ग) बास्केट फन्डको रकमको खर्चको सम्बन्धमा समितिले आवश्यकता अनुसार अनुगमन गर्नेछ ।

## परिच्छेद-४
## विविध

**७. लेखा तथा लेखारीक्षण :**

यस कार्यविधी बमोजिम खर्च गरिएको रकमको लेखाङ्कन तथा लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ ।

**८. खर्चमा बन्देज :**

बास्केट फन्डको रकमबाट बैठक भत्ता, ईन्धन, परामर्श सेवा खरिद लगायत चालु प्रकृतिको खर्च गर्न पाईने छैन ।

**९. प्रचलित कानुन बमोजिम हुने :**

यस कार्यविधीमा लेखिएको कुरा यसै कार्यविधी बमोजिम हुनेछ र यस

कार्यविधीमा उल्लेख नभएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१०. बाधा अड्काउ फुकाउने :**

यस कार्यविधी बमोजिम बास्केट फन्डको रकम खर्च गर्ने सम्बन्धमा कुनै द्धवविधा उत्पन्न भएमा सो को बाधा अड्काउ फुकाउने अधिकार नगरकार्यपालिकालाई हुनेछ ।

<u>आज्ञाले</u>

**युवराज न्यौपाने**

**प्रमुख प्रशासकीय अधिकृत**